गोरखापत्र

अर्थ

२०६६ साल भदौ २९ गते सोमबार Monday, September 14, 2009

# लगानी भित्र्याउने दिशामा भ्रमण केन्द्रित

गोरखापत्र समाचारदाता

काठमाडौँ, भदौ २८ गते। नेपालको विकासमा युरोपियन मुलुकहरूको आर्थिक सहयोग, व्यापारमा अभिवृद्धि र प्रत्यक्ष वैदेशिक लगानी भित्राउने दिशामा नेपाली टोलिको डेनमार्कको कोपनहेगन भ्रमण सहायक सिद्ध हुने विश्वास गरिएको छ। युरोपियन आर्थिकं, व्यापार, वाणिज्य तथा उद्योग सङ्घ-नेपाल (ईईसी) का अध्यक्ष दिब्यमणि राजभण्डारीको अध्यक्षमा सात सदस्यीय टोलीले डेनमार्कको राजधानी कोपनको भ्रमणबाट फर्किएको उक्त विश्वास व्यक्त गरिएको हो।

ईईसीद्वारा जारी प्रेस विज्ञप्तिमा सो संस्थाको नेतृत्वमा गएको टोलीले आफ्नो डेनमार्क भ्रमणका अवसरमा त्यहाँका सरकारी एवं निजी क्षेत्रका व्यवसायीहरूसँग दुईपक्षीय सहयोग तथा व्यापारका विषयमा छलफल गरिएको बताइएको छ।